मानिस आफ्नो साथीको मार्गमा हुन्छ , त्यसैले प्रत्येकले सोचेर मात्र मित्रता गर्नु।

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : ""मानिस आफ्नो साथीको मार्गमा हुन्छ , त्यसैले प्रत्येकले सोचेर मात्र मित्रता गर्नु।"
[हसन] [अबू दाउद, तिर्मीजी र अहमदले वर्णन गरेका छन्]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, मानिस आफ्नो व्यवहार र बानीमा आफ्नो निष्कपट मित्र र साथीसँग मिल्दोजुल्दो हुन्छ र मित्रताले नैतिकता, व्यवहार र कार्यहरूमा असर गर्छ । त्यसैले उहाँले असल साथी छनोट गर्न निर्देशन गर्नुभएको छ; किनभने यसले आफ्नो साथीलाई ईमान, मार्गदर्शन र भलाइको काममा मद्दत गर्दछ ।

https://sunnah.global/hadeeth/ne/show/3122